बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

चरिकोट, दोलखा

प.सं.-२०८१/०८२

च.नं.- १६६

मितिः-२०८१/०६/३०

श्री भीमेश्वर नगरकार्यपालिकाको कार्यालय,चरिकोट,दोलखा ।

श्री जिरी नगरकार्यपालिकाको कार्यालय,जिरी,दोलखा।

श्री वैतेश्वर गाउँपालिकाको कार्यालय,पाडुडाँडा,दोलखा।

श्री तामाकोशी गाउँपालिकाको कार्यालय,जफे,दोलखा ।

श्री मेलुङ गाउँपालिकाको कार्यालय,भेड्पु,दोलखा।

श्री शैलुङ गाउँपालिकाको कार्यालय,मागापौवा,दोलखा।

श्री कालिन्चोक गाउँपालिकाको कार्यालय,सुनखानी,दोलखा।

श्री विगु गाउँपालिकाको कार्यालय,सिंगटी,दोलखा ।

श्री गौरीशंकर गाउँपालिकाको कार्यालय,सुरी,दोलखा ।

विषयः-सूचना पठाईएको सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस कार्यालयको चालु आ.व २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा दर्ता भई सन्चालनमा रहेका लघु,घरेलु तथा साना उद्योगहरूलाई उपयुक्त प्रविधि मेसिन उपकरण (उद्यमीको ५० प्रतिशत लगानी साझेदारी) अनुदानमा वितरणको लागी मन्त्रालयबाट कार्यदेश प्राप्त भई प्रविधि हस्तान्तरण कार्यबिधि २०७९ को अधिनमा रही मिति २०८१/०६/३० गतेका दिन १५ दिने सार्वजनिक सूचना प्रकाशित गरि उक्त सुचना यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।साथै उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरी सोको जानकारी समेत यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।

भास्कर दुङ्गाना
उद्योग अधिकृत

"स्वदेशी उत्पादन अभियान: उद्यमीको सम्मान"

फोन नं.०४९-४२११२६ इमेलः-csidbdolakha@gmail.com, ocsi.dolakha@bagamati.gov.np

बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

चरिकोट, दोलखा

भास्कर बुढाथोकी
उद्योग अधिकृत

## प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आव्हान सम्बन्धी १५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०६/३०)**

यस उद्योग तथा वाणिज्य कार्यालय,दोलखाको चालु आ.व २०८१/०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम तर्फ विनियोजित बजेट रकमको परिधिभित्र रही यस कार्यालयमा दर्ता भएका लघु,घरेलु तथा साना उद्यमीहरूलाई उद्योगहरूको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउने तथा श्रृजना हुने रोजगारीको आधारमा उधमी र बागमती प्रदेश सरकारको लागत साझेदारीमा यस कार्यालयको ५० प्रतिशत अनुदान र सम्बन्धित उद्योगीको तर्फबाट ५० प्रतिशत सहभागिता रहने गरी प्रविधि (मेसिन औजार र उपकरण) उपलब्ध गराईने भएकोले प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि २०७९ को अनुसुची -१ को दफा-३ सँग सम्बन्धित योग्य उद्यमी /उद्योगले मात्र आफ्नो उद्योगको प्रकृति तथा उदेश्यसँग सम्बन्धित आवश्यक प्रविधि,मेसिन औजारको विवरण सहित तोकिएको ढाँचामा तपशिल बमोजिमका कागजात संलग्न राखी यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८१/०७/१४ गते सम्म) रितपूर्वक निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना नं. | कार्यक्रमको नाम | वार्षिक बजेट | पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|---|
| १. | ०१/२०८०/०८१ | लघु,घरेलु तथा साना उद्योहरूको प्रवर्द्धनका लागी प्रविधि हस्तान्तरण(उद्यमीको ५० प्रतिशत लगानी साझेदारी) | रू २५ लाख रूपैंया | -कार्यालयले तोकेको ढाँचामा निवेदन<br>-उद्योग दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि<br>-प्यान/भ्याट दर्ता प्रमाणपत्र<br>-नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>-तालिम/अनुभव भए सोको प्रतिलिपि<br>-महिला,अपाङ्ग,दलित,विपन्न र अन्य लक्षित बर्गबाट सन्चालित उद्योगको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र<br>-माग गरेको मेसिन उपकरणहरूको स्पेसिफिकेसन सहित प्रचलित बजार मूल्य खुल्ने कागजात |

**शर्त तथा प्राथामिकता**

१.प्रस्ताव पेश गर्ने निवेदनको ढाँचा यस कार्यालयबाट उपलब्ध हुनेछ ।साथै यस कार्यालयको फेसबुक पेजमार्फत समेत निवेदन प्राप्त गर्न सकिनेछ ।

२.यस सूचना प्रकाशन हुनुभन्दा अगाडि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह वा यस कार्यालयबाट ३ बर्षसम्म कुनै किसिमको अनुदान वा सहयोग प्राप्त नगरेको भन्ने सिफारिस वा स्वघोषणा गर्नु पर्नेछ ।

३.महिला,दलित,अपाङ्ग, विपन्न वा अन्य लक्षित वर्गबाट सन्चालित उद्योगहरूलाई प्राथामिकता दिईने छ ।

४.सरकारी निकायद्धारा सिपमुलक तालिम लिएका उद्यमीबाट सन्चालित उद्योगहरूलाई प्राथामिकता दिईने छ।

५. निवेदन वापतको दस्तुर रू.१००।—(अक्षेरूपी एक सय रूपैंया मात्र) लाग्नेछ । कार्यालयको राजश्व शिर्षक नं.१४२२९ कार्यालय कोड नं.३०७०१२३०१३ नेपाल बैंक लिमिटेड चरिकोट,दोलखा शाखामा खाता नं. २७२०२००००१००१००००१ मा जम्मा गरेको संक्कल भौचर पेश गर्नुपर्नेछ । साथै कार्यालमा उपस्थित भई अनलाईन मार्फत समेत निवेदन वापतको राजश्व रकम बुझाउन सकिनेछ ।

६.प्राप्त प्रस्ताव अनुसुची -३ को दफा-५ को उपदफा -५ सँग सम्बन्धित मुल्याकंनको आधारमा मुल्याकंन समितिबाट हुनेछ ।

७.म्याद नाघी वा रीतपूवर्क पेश हुन आएका प्रस्तावहरू स्वीकृत गर्न यस कार्यालय बाध्य हुने छैन ।

८.अन्य विषयहरू प्रचलित कानून तथा प्रविधि हस्तान्तरण कार्यविधि,२०७९ बमोजिम हुनेछ ।

९. अन्य आवश्यक जानकारीको लागि कार्यालयको फोन नं.०४९-४२११२६/०४९-५९००७७/९८५४०४५१२६/९८६१९६४२७७ मा सम्पर्क गर्न सकिनेछ।